## स्पेक्ट्रम डान्स थिएटर, सिएटल, वाशिंगटन

स्पेक्ट्रम डान्स थिएटर सिएटलमा सन् १९८२ मा स्थापना गरिएको हो । यसको उद्देश्य सामान्य अपेक्षाहरूलाई चुनौती दिने र प्रगाढ भावना र विचारशील प्रतिक्रियाहरू आमन्त्रण गर्ने खालको विश्वस्तरिय समकालीन नृत्य निर्माण तथा प्रस्तुत गर्ने; सबैका लागि विभिन्न नृत्य विधामा कुशल नृत्य निर्देशन उपलब्ध गराउने; र समुदायलाई नृत्यलाई कलाको एउटा रूप र सामाजिक/नागरिक औजार हो भनेर शिक्षा प्रदान गर्ने रहेको छ । डोनाल्ड बर्डको दुरदर्शी कलात्मक नेतृत्वमा स्पेक्ट्रम क्षेत्रीय र राष्ट्रियस्तरमा एक महत्वपूर्ण समूहको रूपमा अगाडि बढेको छ । अमेरिका र युरोपभरि आफ्नो नृत्य प्रदर्शन गर्ने यस संस्थाले विश्वस्तरका नर्तक नर्तकीहरूलाई आकर्षित गरी रोमान्चकारी र चुनौतीपूर्ण समसामयिक नृत्यहरू निर्माण गर्छ ।

**कला निर्देशकको बारेमा**

बेसिस् अवार्ड विजेता नृत्य निर्देशक डोनाल्ड बर्ड सन् २००२ डिसेम्बरमा स्पेक्ट्रम डान्स थिएटरको कला निर्देशक बन्नुभएको हो । सन् १९७८ देखि सन् २००२ सम्म उहाँ डोनाल्ड बर्ड/द ग्रुपको कलात्मक निर्देशक हुनुहुन्थ्यो जुन व्यापक रुपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय भ्रमण गर्ने तथा सार्वजनिक रूपमा प्रशंसाप्राप्त समसामयिक नृत्य कम्पनी थियो । उहाँले आफ्नो समूहको साथसाथै एल्भिन ऐली अमेरिकन डान्स थिएटर, डेटन कन्टेम्पोरेरी डान्स कम्पनी र फिलाडेल्फिया डान्स कम्पनी (फिलाडान्को) लगायतका लागि ८० भन्दा बढी आधुनिक नृत्य सिर्जना गरिसक्नु भएको छ । उहाँले प्यासिफिक नर्थवेस्ट ब्याले, जोफ्री ब्याले, अटरब्यालेटो, माज्जियो डान्जा दिफिरेन्जी, र ओरेगन ब्याले थियेटरका साथै प्रतिष्ठित कम्पनीहरूको लागि नृत्य निर्देशन गर्नु भएको छ । उहाँले न्युयोर्क शेक्सपियर फेस्टिवल/पब्लिक थिएटर, ला जोला प्लेहाउस, स्यान फ्रयानसिस्को ओपेरा, र न्युयोर्क ओपेरा जस्ता अमेरिकाका धेरै प्रतिष्ठित नृत्यघरहरू र ओपेरा कम्पनीहरूसँग काम गर्नु भएको छ । सन् २००५ मा केनेडी केन्द्रले बर्डलाई नृत्य निर्देशन मास्टर अवार्डद्वारा सम्मानित गरेको थियो, र सन् २००६ मा उहाँले "द कलर पर्पल" को नृत्य निर्देशनको लागि टोनी पुरस्कारको मनोनयन प्राप्त गर्नुभएको थियो । पछिल्लोपटक उहाँ जेरूसलेममा अमेरिकन एकेडेमीका लागि फेलोहरूको पहिलो समूहमा हुनुहुन्थ्यो र २०११ जेम्स बाल्डविन फेलो अफ् युनाइटेड स्टेट्स आर्टिस्ट्सको रूपमा चुनिनुभएको थियो ।

**प्रेस**

"यस जोरदार प्रतिभावान् समूहले प्रत्येक विधालाई चरमोत्कर्षमा पुर्याएको र आश्चर्यजनक कलाकौशल र नियन्त्रणलाई प्रदर्शन गरेको छ ।"
*सिएटलडान्सेस* (सन् २०११ अक्टोबर २)
http://seattledances.blogspot.com/2011/10/beast-spectrums-ferocious-debut.html

"...शहरको सबैभन्दा सशक्त, मोहक, कुटिल नृत्य समूह ।"
*सिएटल टाइम्स* (सन् २०१० अक्टोबर १६)
http://seattletimes.nwsource.com/html/thearts/2013182665_spectrum21.html

**कम्पनी वेबसाइट**

http://spectrumdance.org/

**भिडियो अंशहरू :**

https://vimeo.com/45341676